नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाई
टीकापुर/सुखड, कैलाली

फोन नं.: ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम कार्यान्वयनकालागि आवेदन प्रस्ताव पेशगर्ने बारेको सूचना

सूचना नं. ९/२०८३/८४
(सूचना प्रकाशित मितिः २०८३/०६/२९)

रानी जमरा कुलरिया सिंचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुरको कार्यक्षेत्रभित्र कृषि वालीबस्तु बजारीकरणमा सहजिकरणकोलागि आयोजनाको आ.व. २०८३/८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने **"कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम"** कार्यान्वयनकालागि लागत साझेदारी गरी सहकार्य गर्न ईच्छुक कृषि हाटबजार व्यवस्थापन समिति, सहकारीले माग आवेदन प्रस्ताव पेश गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन (२०८३/०८/०३ गते कार्यालय समय) भित्र आयोजनाको वेबसाइ/फेसबुक पेजमा प्रकाशित ढाँचा बमोजिमको आवेदन प्रस्ताव यस आयोजनाको कार्यालय, टीकापुर वा सम्पर्क कार्यालय सुखड, कैलालीमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु मूल्याङ्कनमा समावेश गरिनेछैन।

कार्यक्रम	लक्ष्य संख्या	स्वीकृत कूलजम्मा बजेट रकम रु.	लागत साझेदारी सहयोग रकम रु.
कृषि हाटबजार स्थापना तथा स्तरोन्नती कार्यक्रम	१ (कम्तिमा)	२५ लाख	अधिकतम ७५% रकम

कार्यक्रम सञ्चालन हुने क्षेत्रः रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्य क्षेत्रभित्र (टीकापुर नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका भरी र लम्कीचुहा नगरपालिकाको वडा नं. १० भरी र ३, ५ र ७ का तोकिएका क्षेत्र)।

पेश गर्नुपर्ने कागजातहरु

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्ताव
२. नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपी
३. कृषि हाट बजार निर्माण वा स्तरोन्नती गर्ने जग्गाको स्वामित्व र क्षेत्रफल खुल्ने लालपूर्जा/भोकाधिकारको प्रतिलिपि
४. संस्था/समिति दर्ता र कार्यसमितिको निर्णयको प्रतिलिपी
५. हाल सञ्चालन भैरहेको बजारमा कृषि बालीबस्तु बिक्रि वितरण कारोवारको विवरण
६. अनुमानित लागत ईस्टिमेट बिवरण
७. लागत रकम लगानी गर्नसक्ने सुनिश्चताको पुष्टयाँईको कागजात वा स्वघोषणा

थप जानकारी चाहिएमा आयोजनाको कार्यालय टीकापुर वा सम्पर्क कार्यालय सुखडमा सम्पर्क गर्न सकिनेछ।

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर

CamScanner

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिंचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टीकापुर, कैलाली
२०६६

मितिः २०८३/......../.......

श्रीमान आयोजना कोअर्डिनेटर,
रानी जमरा कुलरिया सिंचाइ आयोजना,
कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलाली

बिषयः आवेदन पेशगरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस आयोजनाबाट मितिः २०८३/०६/२९ प्रकशित सूचना नं. ८ मा उल्लेख भएको **"कृषि हाटवजार स्थापना तथा स्तरोन्नति कार्यक्रम"** सञ्चालन गर्न इच्छुक भएकोले आवश्यक सम्पूर्ण कागजात संग्लन राखी उक्त कार्यक्रमका लागि आवेदन पेश गरेको छु/छौं ।

आवेदक
नामः
पदः
संस्थाको नामः
सम्पर्क नं.:
संस्थाको छापः

संलग्न गरिएका कागजातहरु:

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्ताव
२. नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपी
३. कृषि हाट बजार निर्माण वा स्तरोन्नती गर्ने जग्गाको स्वामित्व र क्षेत्रफल खुल्ने लालपूर्जा/भोकाधिकारको प्रतिलिपि
४. संस्था/समिति दर्ता र कार्यसमितिको निर्णयको प्रतिलिपी
५. हाल सञ्चालन भैरहेको बजारमा कृषि बालीबस्तु बिक्रि बितरण कारोवारको बिवरण
६. अनुमानित लागत ईस्टिमेट बिवरण
७. लागत रकम लगानी गर्नसक्ने सुनिश्चताको पुष्ट्याँईको कागजात वा स्वघोषणा

CamScanner

नमुना प्रस्तावको ढाँचा

कृषि हाटबजार स्थापना तथा स्तरोन्नति कार्यक्रम सहयोगका लागि प्रस्ताव

क. आवेदकको बिवरणः

१. आवेदक संस्थाको नामः ....

२. ठेगानाः गाँउपालिका/नगरपालिका..........वडा नं. .... .टोल/गाउँ ....

३. सम्पर्क ब्यक्तिको नाम र पद ....

४. सम्पर्क मोबाईल नं. ....

५. आबेदक संस्थाको दर्ता नं. र दर्ता निकायः ....

६. सञ्चालक समितिको पदाधिकारीहरुको नाम, ठेगाना र फोन नं.:

क्र.स.	नाम	पद	ठेगाना	सम्पर्क नं.
१		अध्यक्ष		
२				
३				

७. बजार स्थलको जग्गाको स्वामित्व कसको नाममा रहेको छ?...

८. बजार स्थल कति वर्षकोलागि कुन शर्तमा हस्तान्तरण भएको हो?

क) हस्तान्तरण भएको अवधि ....वर्ष?

ख) शर्तहरु भए उल्लेख गर्ने। ....

९. बजारको संरचना निर्माणको प्रकृति के हो? (थोक/संकलन केन्द्र/खुद्रा)

१०. कृषि बजारमा दैनिक कारोबार कति मे.ट. छ? .... टन प्रति दिन (उपजहरुको विवरण छुट्याइ उल्लेख गर्ने)।

....

....

११. यस बजारले प्रभाव पार्ने क्षेत्र कति हो? (क्षेत्र वा स्थानीय तहहरु उल्लेख गर्ने)

....

CamScanner

१२. बजार स्थापना गर्दा साझेदारी निकायहरुसँग भएको सम्झौता बमोजिम बजारबाट प्राप्त भएको आम्दानी बाँडफाँड गर्नुपर्ने भए उल्लेख गर्ने ।

....

....

१३. कृषि बजारसम्म पुग्ने बाटोको अवस्था कस्तो छ ?...

१४. प्रस्तावित संरचना स्थापनाकोलागि अनुमानित लागत बिवरण:

क.स.	क्रियाकलापको बिवरण	इकाई	परिमाण	दर रु.	जम्मा खर्च रु.	आयोजनाले ब्यहोर्ने अनुदान सहयोग रु.	आवेदक स्वयंको लगानी रु.
जम्मा							

१५. संस्थासँग हाल रहेको संरचना तथा अन्य सामाग्रीको विवरण

कृषि उपज पूर्वाधारहरु	भएको/नभएको	भएको भए स्पेशिफिकेसन (क्षमता, मोडल, संख्या आदि)	कैफियत
हाटबजार संरचना			

CamScanner

१६. <u>अनुदानमा निर्माण गरिने संरचना तथा अन्य मागको औचित्य (प्रस्तावित योजनाको पुष्टयाई - के कारणले योजना माग गरिएको हो ?)</u>:

....

....

....

....

....

....

नोटः यो फर्मेट एउटा नमूना मात्र हो यसलाई आधारमानि स्वयं बिस्तृत प्रस्ताव तयार गर्न पनि सकिनेछ ।

आवेदक संस्थाको नामः ....

आधिकारीक व्यक्तिको नामः .....

दस्तखतः..............................

ठेगानाः ....

सम्पर्क नं. ....

मितिः ....

छापः ....

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिंचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टीकापुर, कैलाली
२०६६

CamScanner
CamScanner

स्वघोषणा पत्र

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टीकापुर, कैलाली
२०६६

(अनुदान सहयोग लिएको भएमा)

संस्थाः______________________________

ठेगानाःगाउँ/टोल __________________ वडा नं. ___

गाउँपालिका/नगरपालिका ________________________

जिल्ला ____________________________

यसद्वारा स्वघोषणा गर्दछु/छौं कि म/हामीले देहाय बमोजिमको कृषि हाटवजार सम्वन्धि निर्माण/स्तरोन्नतिको लागि सहयोग प्राप्त गरेको छु/छौं। अनुदान सहयोगको विवरण यस प्रकार रहेको छ।

क्र.स.	आ.व.	सहयोगी निकाय	निर्माण/संरचना	कुल जम्मा लागत	सहयोग रकम	स्वलगानी
१						
२						
३						
४						

थप अनुदान सहयोगको कारणः व्यवसायको स्तरोन्नति गर्नकालागि र/वा थप व्यवस्थित बनाउनकोलागि र/वा कार्यक्षेत्र धेरै भएकाले हालको संरचनाले नपुगेका कारण थप सहयोग आवश्यक परेको।

घोषणा गर्ने व्यक्तिको नामः ___________________________

हस्ताक्षरः ___________________________

सम्पर्क नम्वरः ___________________________

मितिः ___________________________

साक्षीको नाम (१): ___________________________

हस्ताक्षरः ___________________________

CamScanner

स्वघोषणा पत्र

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
...कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टीकापुर, कैलाली
२०६६

(अनुदान सहयोग नलिएको भएमा)

संस्था: ______________________________

ठेगाना:गाउँ/टोल _________________ वडा नं. ___

गाउँपालिका/नगरपालिका ________________________

जिल्ला ____________________________

यसद्वारा स्वघोषणा गर्दछौ कि म/हामीले "कृषि हाटवजार स्थापना तथा स्तरोन्नति कार्यक्रम" सम्वन्धि आवेदन दिएको सन्दर्भमा हालसम्म कुनै पनि सरकारी, गैरसरकारी संस्था, सहकारी, परियोजना वा अन्य कुनै निकायवाट सोही प्रयोजनका लागि अनुदान, सहयोग रकम वा आर्थिक सहायता लिएको छैन/छैनौ।

यदि भविष्यमा माथि उल्लेखित विवरण झुट्टा प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाही भोग्न तथा प्राप्त सुविधा फिर्ता गर्न म पूर्ण रूपमा जिम्मेवार रहनेछु।

यो स्वघोषणा पत्र मैले आफ्नो स्वेच्छाले, कसैको दवाब विना, सत्य तथ्यका आधारमा तयार गरी पेश गरेको छु।

घोषणा गर्ने व्यक्तिको नामः ___________________________

हस्ताक्षरः ___________________________

सम्पर्क नम्वरः ___________________________

मितिः ___________________________

साक्षीको नाम (१): ___________________________

हस्ताक्षरः ___________________________

CamScanner
CamScanner

प्रतिबद्धता/मन्जुरिनामा पत्र

रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई टीकापुर, कैलालीको मिति २०८३/०६/२९ मा प्रकशित सूचना अनुसार "कृषि हाटबजार स्थापना तथा स्तरोन्नति कार्यक्रम" मा आवेदन दिदाँ निम्नानुसार प्रतिबद्धता जाहेर गर्दछु/छौं।

१. योजना छनौटमा कुनै किसिमको भनसुन, दबाव, प्रलोभन जस्तो कार्य गर्नेछैनौ ।

२. योजना स्वीकृत भएमा लागत अनुमान र डिजाईन अनुसार कार्य गर्नेछु/छौं।

३. बजारको सञ्चालन, बजारबाट हुने आम्दानी खर्चको बाँडफाँड र वितरण तथा अन्य आर्थिक एवं व्यवस्थापकीय जिम्मेवारी र दायित्वहरुको बहन पुर्णरुपमा परिपालना गर्नेछु/छौं।

४. सोहि कार्यमा अन्य निकायबाट लागत साझेदारी सहयोग हुने भएमा कार्यालयलाई जानकारी गराउनेछु।

५. सहयोगको दुरुपयोग, अपचलन वा बेचबिखन गर्नेछैन/छैनौ।

६. काबु बाहिरको परिस्थितिमा बाहेक अन्य कुनै कारणले संरचना प्रयोग नभएमा प्रचलित कानून बमोजिम कारबाही भएमा हाम्रो आपत्ति हुने छैन भनि प्रतिब्रद्धता समेत जाहेर गर्दछु/छौं।

हस्ताक्षरः

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

मितिः

नागरिकता नं.:

नागरिकता जारी भएको जिल्लाः

संस्थाको छापः

दायाँ बायाँ

औंठाको छाप